लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय रोल्पा

पत्र संख्या :- २०८३/०८४ (योजना शाखा)
च.नं. ७९

मिति :- २०८३।०४।१५

**विषयः- कार्यान्वयन सम्बन्धमा ।**

श्री लिवाङ सव डि.व.का. मेवाङ, रोल्पा ।
श्री रुन्टीगढी सव डि.व.का.होलेरी, रोल्पा ।
श्री त्रिवेणी सव डि.व.का.जुगार, रोल्पा ।
श्री सुवर्णावती सव डि.व.का.सुलिचौर, रोल्पा ।
श्री जलजला सव डि.व.का.पोवाङ, रोल्पा ।
श्री माडी सव डि.व.का.घर्तीगाँउ, रोल्पा ।
श्री सुनछहरी सव डि.व.का.ओवाङ, रोल्पा ।
श्री लुंग्री सव डि.व.का.किलाचौर, रोल्पा ।

उपरोक्त सम्बन्धमा तहाँ सव डिभिजन वन कार्यालय र अन्तरगत रहेका सामुदायिक/कबुलियती वन समुहहरुको कार्य सम्पादन चुस्त, पारदर्शी र समुहको कोषको परिचालनको नियमन हुने अभिप्रायले तपशिल अनुसारका बुँदाहरु तदारुक्ताका साथ कार्यान्वयन गर्नु गराउनुहुन साथै सोही अनुसारको जानकारी मातहतका वन समुहहरुलाई समेत गराई सोको जानकारी यस कार्यालयमा पठाउनुहुन अनुरोध छ।

<u>तपशिल</u>

क) वन क्षेत्रको संरक्षण, चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण र वन अतिक्रमण नियन्त्रणका कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

ख) वनको विकास, सम्वर्द्धन तथा व्यवस्थापनमा स्थानीय वन समुहहरुलाई परिचालन तथा सहजिकरण गरि सामुदायिक वन उपभोक्ता समुहहरुलाई लुम्बिनी प्रदेश वन ऐन २०७८ को दफा २७ (१, २ र ३) बमोजिम वार्षिक आयको कम्तिमा ४०% वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५०% सम्बन्धित स्थानीय तहसँग समन्वय गरि कार्यक्रममा दोहोरोपना नपर्ने गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहलाई जानकारी गराई समुहको हितका लागि सामाजिक वा भौतिक पूर्वाधार विकास कार्यमा खर्च गर्ने र प्रशासनिक कार्यमा कुल आयको बढीमा १०% भन्दा बढी खर्च गर्न नपाउने गरी समुहको कोष परिचालन गराउने ।

ग) वन उपभोक्ता समुहहरु (सा.व/क.व.) लाई आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्रचलित वन ऐन नियम बमोजिमको ढाँचामा लेखापरिक्षण र वार्षिक प्रतिवेदन तयार गरी समुहको साधारण सभाबाट अनुमोदन गराई डिभिजन वन कार्यालय र स्थानीय तह समक्ष पेश गर्न लगाउने । साथै समुहले वार्षिक योजना तर्जुमा गरी समुहको साधारण सभाबाट पारित गरी समितिको बैठकबाट निर्णय गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्न लगाउने ।

घ) कार्ययोजनाको अवधी सकिएका सा.व./क.व.हरुको विवरण संकलन गरि पेश गर्ने ।

२०८३।४।१८

यज्ञमूर्ति खनाल
डिभिजनल वन अधिकृत

<u>वोधार्थ :-</u>
श्री वन निर्देशनालय, लुम्बिनी प्रदेश, रुपन्देही :- जानकारीका लागि अनुरोध छ ।

वेबसाईट : www.dforolpa.lumbini.gov.np टेलिफोन : ०८६-४४०११२ ईमेल : dforolpa12@gmail.com
रुख रोपौं, वन जोगाऔं